# गैर सरकारी संस्था महासंघ

# Dalit NGO Federation (DNF)

Chakupat-22, Lalitpur, Phone: 5261912, website: www.dnfnepal.org, email:dnf@dnfnepal.org


मितिः २०७६।१२।११

## हार्दिक अपिल

चीनको बुहान शहरबाट फैलिएको कोभिड १९ (कोरोना भाइरस) विश्वभरी महामारीको रुपमा फैलिसकेको छ । विश्वका शक्ति सम्पन्न र विकसति मुलुकहरुले पनि यसलाई सामना गर्न नसकिरहेको अवस्थामा यो रोग सिंगो मानव समुदायको लागि चुनौती बनेर उभिएको छ ।

नेपालमा पनि यो भाइरसको संक्रमण द्रुत गतिमा देखिएको छ । कोभिड १९ (कोरोना भाइरस) को संक्रमणबाट देशबासीलाई बचाउन नेपाल सरकारले मिति २०७६ चैत ११ गते मंगलबार बिहान ६ बजेदेखि चैत्र १८ गते बिहान ६ बजे सम्म गरेको लकडाउन गरेको छ । यस कार्यको स्वागत गर्दै यसको प्रभावकारी रुपमा पालना सबै नागरिकले गरी आफूप्रति, आफ्नो परिवार, आफ्नो समुदाय, आफ्नो देश र सारा विश्वप्रतिको जिम्मेवारी गम्भीरतापूर्वक बहन गर्न र गराउन सहयोग गर्न हुन दलित गैर सरकारी संस्था महासंघ (DNF) हार्दिक अपिल गर्दछ ।

साथै कोरोना भाइरसको महाव्याधि कालमा यसको रोकथाम र उपचारका लागि बनाइने निति नियम, सेवा सुबिधा सम्बन्धी व्यवस्था, त्यसका लागि बनाइने संयन्त्र र अपनाइने तौरतरिका आदि सबैमा अविभेद, समता र सामाजिक समावेशीको दृष्टिकोणले उत्तरदायी हुन  सरकार एवम सम्बन्धित सरोकारवालाहरुलाई अनुरोध गर्दछौं ।

यस दुःखद मानवीय संकटका बेला सम्पूर्ण मानव समुदाय एक भएर सबै प्रकारका आग्रह पुर्वाग्रहबाट माथि रहि काम गर्नु पर्ने बेला आएको छ । कुनै पनि विपदले जात, बर्ग, लिंग, उमेरलाई छुट्टयाउदैन । तर विपदको सामना गर्ने क्षमता भने हामी र हाम्रो परिबेश अनुसार सबैमा फरक फरक हुन्छ । सामाजिक तथा आर्थिक हैसियत कम्जोर भएका समुदाय तथा ब्यक्तिहरुमा विपदलाई सामना गर्ने क्षमता कमजोर हुन्छ । हाम्रा मूल्य मान्यता र नकरात्मक विश्वासले गरिब, महिला र दलितहरु कुनै पनि विपदमा बढी संकटन्मुख हुन्छन । हाम्रो सम्पूर्ण ध्यान रोगको नियन्त्रण कसरी गर्ने भन्नेमा केन्द्रित छ जुन अति आवश्यक छ । तर दैनिक ज्यालादारी काम गरी आफु र आफ्नो सम्पूर्ण परिवारको जीवन निर्वाह, दैनिक खाना, पानीको ब्यवस्था गर्नुपर्ने हरुका लागि भने अझ झन ठुलो महामारी छ । हरेक पलपल सामाचारमा अपडेट भई कोरोना भाइरसबाट बच्ने उपाय र अपनाउनु पर्ने सावधानीको जानकारी त्यस्ता समुदायका परिवारमा पुगेको कमै देखिन्छ । घर परिवारको स्वास्थ्य स्थिति हेरचाह गर्ने, बाललालिका, बृद्धबृद्धाहरुको स्याहार सुसारमा महिला नै बढी खटिनु पर्ने हाम्रो समाजमा यस्ता महामारीबाट महिला नै बढी संक्रमित हुने खतरा बढेर जान्छ ।  बिरामी हुँदा अन्तिम अवस्थामा मात्र स्वास्थ्य संस्थामा जाने सकभर बिरामीलाई घरमा नै जडिबुटि तथा झारफुकमा विश्वास गर्ने मान्यताले संक्रमणको जोखिमलाई बढाउने सम्भावना देखिन्छ । कामको सिलसिलामा आफ्नो घर भएको जिल्ला वा ठाउँबाट बाहिर रहेका मानिसहरु श्रमिकहरुको झनै भयावह स्थिति विभिन्न समाचारमा आएको दखिन्छ । महिला दलित तथा गरिबका लागि आइशोलेसन कक्ष कतिको पहुँचयोग्य छ ? रोग  लाग्दा उपचार नपाई वा सामाधानी नअपनाई संक्रमित हुने डर अनि त्यसबाट उत्पन्न चिन्ता, गरिबका लागि खाधान्नको अभावले मर्ने अवस्था, अर्थात रोग, शोक र भोगले झन ठुलो संकट आउने सम्भावना छ । विपदमा सबै भन्दा बढी कम्जोर समुदाय नै बढी जोखिममा रहने र पीडित हुने हुन्छन र यस महाविपतीमा पनि यस्ता जोखिम रहेने कुरा नकार्न सकिदैन ।

महाव्याधि र विपत्तिको अवस्थामा जातीय छुवाछुत र विभेदपूर्ण जिवन यापन गर्न बाध्य दलित समुदाय जो आर्थिक रुपमा विपन्न, दैनिक ज्यालादारीमा आफ्नो र परिवारको गुजारा गर्न बाध्य छन्, स्वास्थ्य, सरसफाई र सुचनाबाट बन्चित छन् उनीहरु अन्य समुदाय भन्दा नाजुक स्थिति भएकाले उनीहरुलाई नेपाल सरकारले विशेष सम्बोधन गर्न हार्दिक अपिल गर्दै  ध्यानाकर्षण गराउन चाहन्छौ।

# गैर सरकारी संस्था महासंघ
# Dalit NGO Federation (DNF)

Chakupat-22, Lalitpur, Phone: 5261912, website: www.dnfnepal.org, email:dnf@dnfnepal.org

१. नेपालका दलित समुदाय छुवाछुत र जातीय विभेदबाट सृजित गरिवी, अशिक्षा र पछौटेपनका कारण हरेक विपत्तिमा उच्च जोखिममा पर्ने गरेका छन र कोभिड १९ (कोरोना भाइरस) को महामारीमा पनि उच्च जोखिममा छन् तसर्थ राज्यले गर्ने सम्बोधनमा सारभूत समानताको सिद्धान्तलाई अबलम्वन गरियोस् ।

२ दलित समुदाय अत्यधिक रुपमा अनौपचारिक श्रममा आबद्ध र दैनिक ज्याला मजदुरीले आफ्नो र परिवारको पालनपोषण गर्नुपर्ने बाध्यत्मक आस्थामा छन् । हालै सरकारको लकडाउनको निर्णयबाट उनीहरुको दैनिक गुजारामा गमीभर असर परेको हुँदा उनीहरुको आधारभूत गुजाराको लागि विशेष राहतको प्याकेज ल्याइयोस् ।

३ नेपालका दलित समुदायमा जनचेतनाको कमी र सूचना एवं संचारमा पहुँचको अपर्याप्तताको कारण उच्च जोखिममा रहने भएको हुँदा दलित एवं सिमान्तकृत बस्तीहरुमा कोभिड १९ (कोरोना भाइरस) को सूचनाको सुनिश्चितता गरियोस् ।

४ कोभिड १९ (कोरोना भाइरस) को सम्बोधनको लागि बनाईने हरेक नीति, योजना र कार्यक्रमहरु जस्तैः समान स्वस्थ्य सेवा, आर्थिक राहत, क्षतिपूर्ति र आईसोलेशनमा रहने आदिलाई समतामूलक एवं विभेद रहित बनाउन दलित समुदाय र दलित नागरिक समाजका संस्थाहरुसंग समन्वय गरी दलित लगायत सिमान्तकृत समुदायका नागरिकहरु लाई विशेष सम्बोधन हुने गरी निर्माण गरियोस् ।

५. नेपालको हरेक विपत्तिहरुमा अनौपचारिक क्षेत्रमा रहेका श्रमिक, दलित एवं अन्य सिमान्तकृत समुदाय, भूमीहीन, घरेलु कामदार, अपाङ्गता भएका व्यक्तिहरु आदि अन्य समुदायको तुलनामा बढी जोखिममा रहने भएको हुँदा उनीहरुको जोखिमलाई मापन गर्न द्रुत लेखाजोखा (Rapid Assessment) गरी विशेष राहत र व्यवस्था गरियोस् ।

६. महाविपत्तिलाई निरुपण गर्न नेपाल सरकारले जारी गरेको हरेक निर्देशनलाई गम्भीरतापूर्वक पालना गर्दै कोरोना भाइरसको संक्रमणको जोखिमबाट बाँच्न र बचाउन दलित गैर सरकारी संस्था महासंघ (DNF)सम्पूर्ण नागरिकहरुमा हार्दिक आह्वान र अपील गर्दछ ।

साथै महासंघका सम्पूर्ण कर्मचारी र पदाधिकारीहरु २०७६ चैत ११ देखि १८, (२४ देखि ३१ मार्च २०२०) सम्म घरबाटै काम गर्ने निणर्य गरेको जानकारी यहाँहरु सबैलाई गराउन चाहन्छौ । त्यसैगरी कुनै पनि अत्यन्त जरूरी काम परेमा निम्नलिखित इमेल वा मोबाइलमा सम्पर्क गर्न अनुरोध गर्दछौं ।

१) भक्त विश्वकर्मा का.वा अध्यक्ष र जे.वि. विश्वकर्मा(नीति सम्बन्धी कामका लागि), dnf@dnfnepal.org, gbkbhakta@yahoo.com, Cell No.9851084469, 9851125499

२) एक राज लकान्द्री सचिव, जितेन्द्र पासवान कोषाध्यक्ष (कोरोना महाविपत्ति सम्बन्धी आवश्यक सूचनाका लागि) Cell No 9841475200, 9854031521

*"जिम्मेवार नागरिक बनौ, सबै मिलेर महाविपत्तिको डटेर सामना गरौ र सावधानी अपनाऔं ।"*

भक्त विश्वकर्मा
(कार्यवाहक अध्यक्ष)
दलित गैर सरकारी संस्था महासंघ (DNF)